छलफल तथा निर्णय

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट "बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०७६ को मस्यौदा" उपर आयोगको राय/परामर्श माग गरिएको सम्बन्धमा सामाजिक विकास विषयक्षेत्र हेर्नुहुने माननीय सदस्य डा. उषा झाज्यू र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक विषयक्षेत्र हेर्नुहुने माननीय सदस्य श्री मीनबहादुर शाहीज्यूले विषयगत मन्त्रालयसँग छलफल गरी आगामी बैठकमा पेश गर्ने ।
२. समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ संशोधन गर्ने सम्बन्धमा आर्थिक व्यवस्थापन महाशाखाबाट बैठकमा प्रस्तुत प्रतिवेदनमा छलफलमा प्राप्त सुझावहरु समेत समाविष्ट गरी राय/सुझाव अर्थ मन्त्रालयमा आवश्यक कार्यवाहीका लागि पठाउने ।
३. पन्ध्रौं योजना आधार-पत्रको विस्तृतीकरण सम्बन्धी कार्ययोजना कार्यान्वयनका लागि अनुमोदन गर्ने ।
४. राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ को दफा २३ बमोजिम आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नेपाल सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था बमोजिम आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन तयार गर्न देहाय अनुसारको कार्यदल गठन गरी तयारीको कार्य अघि बढाउने ।

आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन तयारी कार्यदल

| | | |
|---|---|---|
| माननीय सदस्य डा. कृष्णप्रसाद ओली | - | संयोजक |
| माननीय सदस्य डा. उषा झा | - | सदस्य |
| माननीय सदस्य डा. दिलबहादुर गुरुङ | - | सदस्य |
| श्री तोयनारायण ज्ञवाली, सहसचिव, अनुसन्धान तथा मूल्याङ्कन महाशाखा | - | सदस्य सचिव |

२०७६/३/२०